# स्थानीय राजपत्र

**बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड २ बुटवल, माघ १० गते, २०७५ साल संख्या १०**


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १
## बुटवल उप-महानगरपालिकाको
## बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन- २०७५

**प्रस्तावनाः**

बुटवल उप-महानगरपालिकालाई बाल मैत्री नगरको रुपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हकहितलाई प्रवर्द्धन गर्ने, घर, परिवार र समाजमा बालबालिकाप्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बाल अधिकार सम्बन्धी विद्यमान सङ्घीय कानून र नेपाल पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धिको भावना अनुरुप गरिने क्रियाकलापलाई व्यवस्थित रुपमा अघि बढाउनु उप-महानगरपालिकाको महत्वपूर्ण कार्य हो भन्ने तथ्यलाई दृष्टिगत गर्दै बाल अधिकारका क्षेत्रमा देखिएका प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीय तहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवश्यकतालाई पहिचान गर्ने सम्बद्ध क्षेत्रको समस्यालाई न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत हुँदा बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चुनौतिलाई सहि ढंगले सम्बोधन गर्न आवश्यकता महसुस गरी बुटवल उप-महानगरपालिकाको नगर सभाले यो बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन- २०७५ बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन- २०७५ रहने छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"बाल अधिकार"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्थित गरे बमोजिम बालबालिकाको अधिकारलाई जनाउछ ।

(ख) **"महासन्धी"** भन्नाले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी सन् १९८९ लाई जनाउँछ ।

(ग) **"समिति"** भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठित समितिलाई जनाउँछ ।

(घ) **"संरक्षण अधिकारी"** भन्नाले ऐनको दफा ३ (२) बमोजिम तोकिएको काम गर्ने अधिकारीलाई जनाउँछ ।

(ङ) **"उप-महानगरपालिका"** भन्नाले बुटवल उप-महानगरपालिकालाई जनाउँछ ।

(च) **"बालबालिका"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम हुनेछ ।

(छ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बन्ने नियमावलीमा व्यवस्था हुने कुराहरुलाई जनाउनेछ ।

## परिच्छेद २

## बाल संरक्षण समिति सम्बन्धी व्यवस्था

**३. बाल संरक्षण समितिको गठन तथा कार्य सञ्चालन विधिः**

(१) बुटवल उप-महानगरपालिकामा देहाय बमोजिमको एक बाल संरक्षण समिति रहनेछ ।

(क) उप-महानगरपालिका प्रमुखले तोकेको कार्यपालिकाका महिला सदस्य -संयोजक

(ख) प्रमुखले तोकेका नगर सभाका कम्तीमा १ जना महिला सभा सदस्य सहित २ जना -सदस्य

(ग) जिल्ला बाल संरक्षण समितिको एक जना प्रतिनिधि -सदस्य

(घ) बाल अधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि -सदस्य

(ङ) उप-महानगर क्षेत्रभित्र स्थापित बाल सुधार गृहको प्रतिनिधि १ जना -सदस्य

(च) उप-महानगरपालिकाको बालबालिका सम्बन्धित महाशाखाको प्रमुख -सदस्य सचिव

(२) बाल संरक्षण अधिकारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. बाल संरक्षण समितिको काम कर्तव्य र अधिकारः**

(क) बालबालिकाको हकहित संरक्षण सम्बन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) संघीय कानून अनुसार स्वीकृत बाल अधिकार सम्बन्धी शिक्षा नीतिका कार्यक्रमहरु तयार गर्ने ।

(ग) उपदफा (क) र (ख) मा उल्लेख गरिएका योजना र कार्यक्रमहरुलाई लागु गर्न आवश्यक संयन्त्र तयार गर्ने ।

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

**५. बाल संरक्षण समितिको कार्यकालः**

दफा ३ बमोजिमको समितिको कार्यकाल गठन भएका मितिले दुई वर्षको हुनेछ ।

**६. नियम बनाउने अधिकारः**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

**७. बाधा अडकाउ फुकाउने अधिकारः**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

**आज्ञाले**
**राजेन्द्र सिग्देल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणीकरण मितिः २०७५/१०/०८